भरतपुर महानगरपालिका
नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
(बैठक सङ्ख्याः १२४, बैठक मितिः २०८३।०५।१२ गते शुक्रबार, दिनको १:०० बजे)

क.सं	प्रस्तावहरु	निर्णयहरु
१.	१२३औं कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।	मिति २०८३।०४।२८ मा बसेको १२३औं बैठकका निर्णयहरूको समीक्षा गर्दा निर्णय कार्यान्वयन प्रक्रिया सन्तोषजनक रहेको पाइयो ।
२.	विपद् व्यवस्थापन सम्बन्धमा ।	विपद् व्यवस्थापन सम्बन्धमा देहायबमोजिम गर्ने- क. मिति २०८३ भदौ १० गते भोटेकोशीमा आएको बाढीले रसुवा, नुवाकोट, धादिङ र चितवन जिल्लामा पुर्याएको अपुरणीय क्षतिको सम्बन्धमा बैठकमा समीक्षा गरियो । ती क्षेत्रमा महानगरको तर्फबाट राहत प्रदान गर्न जनप्रतिनिधिहरुको १० दिन बराबरको सुविधा, वडामा विनियोजित कार्यक्रमहरुमध्ये प्रत्येक वडाबाट रु. २ लाखका दरले कटौती गर्ने र बाँकी रकम महानगरको विपद् व्यवस्थापन कोषबाट कट्टा गर्ने गरी एकमुष्ट रु. १ करोड १ लाख रुपैयाँ प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने । ख. नेपाल सरकार, मुख्यसचिवज्यूको अध्यक्षतामा बसेको बैठकले गरेको निर्णय बमोजिम शुरु तलब स्केलमा प्रमुख प्रशासकीय अधिकृतको १० दिनको, छैटौं तहदेखि उपसचिव तथा नवौं तहसम्मका कर्मचारीहरुको ७ दिनको, चौथो र पाँचौं तहका कर्मचारीको ५ दिनको तथा अन्य श्रेणीविहीन सम्पूर्ण कर्मचारीको २ दिन बराबरको रकम स्थायी, करार तथा ज्यालादारी सम्पूर्ण कर्मचारीहरुको तलबबाट कट्टा गरी प्रधानमन्त्री राहत कोषमा एकमुष्ट जम्मा गर्ने । ग. विपदको यस घडीमा महानगरपालिका तथा यस अन्तर्गतका निकायहरुले कुनै पनि किसिमका हरितालिका तीज पर्व लक्षित तीज गित प्रतियोगिता तथा मनोरञ्नका कार्यक्रमहरु सञ्चालन नगर्ने । घ. रसुवा बाढीबाट नारायणी तटमा बगाएर ल्याएका शवहरुको सङ्ख्या दिनानुदिन वृद्धि भइरहेको, नारायणी नदी संरक्षण गर्न बनाइएका तट र समग्र महानगर नै दुर्गन्धित हुन गएको वर्तमान अवस्थामा शवगृहमा राखिएका शवलाई अविलम्ब व्यवस्थापन गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
(बैठक सङ्ख्याः १२४, बैठक मितिः २०८३।०५।१२ गते शुक्रबार, दिनको १:०० बजे)

३.	कोल्ड स्टोर निर्माणको स्थान छनौट र लागत साझेदारी सम्बन्धमा ।	जिल्ला सहकारी संघ चितवनले कोल्ड स्टोर निर्माण गर्न रु. ६ करोडको लागत प्रस्ताव पेश गरेको र सो सम्बन्धमा बागमती प्रदेश सरकारबाट समपुरक साझेदारीमा रु. ८० लाख, महानगरबाट रु. ३ करोड २० लाख गरी जम्मा रु. ४ करोड (समग्र लागतको ६६.६७ प्रतिशत) बजेट व्यवस्था भएको तथा बाँकी २ करोड (समग्र लागतको ३३.३३ प्रतिशत) जिल्ला सहकारी संघ चितवनको लागत साझेदारी रहने र जिल्ला सहकारी संघ चितवनले सञ्चालन व्यवस्थापन गर्ने गरी साझेदारीमा निर्माण गर्न स्वीकृति दिने । साथै निर्माण पछिको सञ्चालनमा महानगरभित्र उत्पादन भएका कृषि उपज तथा कृषकलाई सहुलियत दरमा भण्डारण गर्न दिनुपर्ने सर्त सहित सञ्चालकले सञ्चालन गर्नुपर्ने ।
४.	पुरानो प्रशासकीय भवन लगायतका भवनको डिस्मेन्टल गर्ने सम्बन्धमा ।	मिति २०८२ भदौ २३ र २४ को जेनजी आन्दोलनबाट पूर्णरुपमा जली प्रयोगमा आउन नसकेका यस महानगरको पुरानो प्रशासकीय भवन, पूर्वाधार महाशाखा रहेको भवन, नक्सा भवन लगायत विभिन्न वडाका भवनहरुको कानून बमोजिम डिस्मेन्टलको प्रक्रिया अघि बढाउने ।
५.	खाद्यान्न उद्योगको रजिष्ट्रेशन छुट सम्बन्धमा ।	भरतपुर महानगरपालिका वडा नं. १६ मा दर्ता रहेको मञ्जुश्री पल्स एण्ड प्रोसेसिङ्ग इण्डष्ट्रिज प्रा.लि. ले वडा नं. १६ मा खाद्यान्न उत्पादनको लागि उद्योगको नाममा जग्गा खरिद गर्न लागेकोले बागमती प्रदेशको आर्थिक ऐनमा भएको व्यवस्था बमोजिम जग्गा रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।
६.	समिति गठन सम्बन्धमा ।	नेपाल सरकारले यसै आ.व. को श्रावणदेखि लागू हुने गरी शिक्षकहरुको तलब वृद्धि गरेबाट संस्थागत विद्यालयका शिक्षकहरुको समेत तलब वृद्धि गराउनको लागि विद्यार्थीबाट लिने शुल्क वृद्धि गरिपाऊँ भनी संस्थागत विद्यालयको तर्फबाट प्याब्सन लगायतका संस्थाहरुले निवेदन पेश गरेको सन्दर्भमा के कति शुल्क वृद्धि गर्न सकिने हो अध्ययन गरी अर्को कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा देहाय बमोजिमका सदस्य रहने संस्थागत विद्यालयको शुल्क निर्धारण समिति गठन गर्ने । देहायः प्रमुख प्रशासकीय अधिकृत श्री वीरेन्द्रदेव भारती- संयोजक ७ नं. वडा अध्यक्ष श्री राजेन्द्रमणि काफ्ले- सदस्य १२ नं. वडा अध्यक्ष श्री लेखराज पन्त- सदस्य १४ नं. वडा अध्यक्ष श्री राजेन्द्र साँखी- सदस्य

		शैक्षिक प्रशासन महाशाखा प्रमुख श्री सुवास चन्द्र आचार्य- सदस्य सचिव
७.	विविध ।	
क.	आर्थिक सहयोग सम्बन्धमा ।	वडा नं. १ को कार्यालयमा कार्यरत सामाजिक परिचालक श्रीराम जमरकट्टेल कार्यालयमै काम गरिरहेको अवस्थामा मिति २०८३।०३।३१ का दिन कार्यालय परिसरमै मृत्यु भएको हुँदा निजकी श्रीमती विना जमरकट्टेललाई रु. २ लाख आर्थिक सहायता उपलब्ध गराउने ।
ख.	शोक प्रस्ताव सम्बन्धमा ।	सम्वत् २०८२ भदौ १० गते रसुवा क्षेत्रमा आएको भीषण बाढीबाट भएको ठूलो जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै उक्त घटनामा परी ज्यान गुमाउनुहुने सम्पूर्ण व्यक्तिहरुप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्ने, शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने तथा घाइतेहरुको शीघ्र स्वास्थ्यलाभको कामना गर्ने ।
ग.	मेलमिलाप व्यवस्थापन खर्च सम्बन्धमा ।	नगर कार्यपालिकाको कार्यालयको मेलमिलाप केन्द्रका सदस्यहरुलाई मेलमिलाप व्यवस्थापन शीर्षकबाट खर्च व्यहोर्ने गरी देहाय बमोजिमको रकम परामर्श सेवा स्वरुप २०८३ श्रावण १ गतेदेखि मासिकरुपमा उपलब्ध गराउने- देहायः क. श्री मुक्तिनाथ अधिकारी (संयोजक)- रु. १००००।— (दश हजार) ख. श्री हरिशरण श्रेष्ठ (सदस्य)- रु. ७५००।— (सात हजार पाँच सय) ग. श्री पार्वती ढकाल (सदस्य)- रु. ७५००।— (सात हजार पाँच सय)
घ.	विपद व्यवस्थापन सम्बन्धमा ।	भरतपुर महानगरपालिका वडा नं. २९ दासखोलामा रहेको बिगबोल्डर तथा ग्रेगान ३००० (तीन हजार) घनमिटर नदीजन्य पदार्थ नियमानुसारको राजश्व दाखिला गराई विपद व्यवस्थापन कार्यका लागि सिंचाई तथा जलस्रोत व्यवस्थापन आयोजनाको पत्रानुसार हस कृति निर्माण सेवा, मनहरि-५ मकवानपुरलाई उपलब्ध गराउने मिति २०८३।०५।१० को नगरप्रमुखस्तरीय निर्णयलाई अनुमोदन गर्ने ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
(बैठक सङ्ख्याः १२४, बैठक मितिः २०८३।०५।१२ गते शुक्रबार, दिनको १:०० बजे)

ङ.	वडा कार्यालय भवनको कोठा प्रयोग गर्न दिने सम्बन्धमा ।	भरतपुर महानगरपालिका १० नं. वडा कार्यालयबाट सिफारिस भई आए अनुसार आवश्यक परेको खण्डमा फिर्ता हुने गरी उक्त वडा कार्यालयको परिसरमा रहेको स्काउट भवनको माथिल्लो दुई कोठा पूर्व सुरक्षाकर्मी परिषद् नेपाल, जिल्ला शाखा चितवनलाई प्रयोग गर्न दिने ।
च.	उपचार खर्च सम्बन्धमा ।	९ नं. वडा कार्यालयको सिफारिस अनुसार उक्त वडामा दैनिक ज्यालादारीमा कार्यरत बिजुली मिस्त्री होम बहादुर गुरुङ सडक बत्ति मर्मत गर्ने क्रममा करेन्ट लागेर दुर्घटनामा परी उपचारार्थ रहेको हुँदा निजको उपचारको लागि रु १,५०,०००।— (अक्षरेपि एक लाख पचास हजार मात्र) आर्थिक सहयोग गर्ने ।
छ.	वडा नं. १७ को निशुल्क एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा ।	१७ नं. वडा कार्यालयले वडाबासीहरुलाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्न लागेको हुँदा आ.व. २०८३/८४ को वार्षिक योजना किताब पाना नं. ३१, क्र.स. ५७ अन्य सामाजिक सहायता शिर्षकबाट रु ५ लाख निशुल्क एम्बुलेन्स सेवा सञ्चालनका लागि उपलब्ध गराउने ।
ज.	राजश्व परामर्श समितिको प्रतिवेदन अनुमोदन सम्बन्धमा ।	भरतपुर महानगरपालिका राजश्व परामर्श समितिको आ.व. २०८२/८३ को वार्षिक प्रतिवेदन अनुमोदन गर्ने ।
झ.	योजना संशोधन सम्बन्धमा ।	देहायबमोजिमका योजना तथा कार्यक्रमहरुलाई आगामी नगरसभाबाट अनुमोदन हुने गरी संशोधन गर्ने-

वडा नं.	योजना पुस्तिकाको पेज/शी.नं.	कायम भएको योजनाको नाम	रकम रु.	संशोधन हुनुपर्ने योजनाको नाम	रकम रु.
२०	३१/६७	क्षेत्री समाज पूर्वाधार निर्माण	१५ लाख	फर्निचर, एसी, कम्प्युटर, भूमिदाताको शालिक निर्माण, क्याटरिङ सामान खरिद	१५ लाख
७	२०/१९	छवि पौडेलको घर देखि पश्चिम माधव पौडेलको घरसम्मको (अर्किड रोड) सडक निर्माण	२५ लाख	वडा नं. ७ हुनुपर्नेमा वडा नं. १० भएको	२५ लाख

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १२४, बैठक मितिः २०८३।०५।१२ गते शुक्रबार, दिनको १:०० बजे)

		२५	१४२/३	पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका शिक्षक तथा बालबालिकाको अतिरिक्त तथा शैक्षिक क्रियाकलाप	२ लाख	रा.आ.वि. वयरघारी शिक्षकलाई निरन्तरता तथा विद्यालय व्यवस्थापन	२ लाख
		२५	१४३/१२	सेवा तथा परामर्श खर्च	२ लाख	रा.आ.वि. वयरघारी शिक्षकलाई निरन्तरता तथा विद्यालय व्यवस्थापन	२ लाख
		२५	१४३/१३	सेवा तथा परामर्श खर्च	१ लाख	वडास्तरीय मेलमिलाप समिति बैठक व्यवस्थापन तथा स्टेशनरी समेत	१ लाख
		२५	१४४/३९	रा.मा.वि. शोशीको लागि पूर्वाधार निर्माण	५ लाख	रा.मा.वि. शोशीको विद्यालय व्यवस्थापन, रंगरोगन मर्मत तथा निर्माण	५ लाख
		२५	१४५/६३	पार्क निर्माण, सार्वजनिक जग्गा संरक्षण	१५ लाख	प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग	२ लाख
						हरियाली प्रवर्द्धन कार्यक्रम	२ लाख
		२५	१४४/४१	जनज्योति प.ध.म.मा.वि. को लागि मर्मत तथा रंगरोगन	५ लाख	जनज्योति प.ध.म.मा.वि. को लागि पूर्वाधार निर्माण	५ लाख
		१०	८९/७१	गुराँस मार्ग र न्हुप्से मार्गको शाखा बाटो २०० मि. मा बीचबाट ढल निर्माण	१२ लाख	गुराँस मार्ग र न्हुप्से मार्गको शाखा बाटो २०० मि. मा कालोपत्रे	१२ लाख

२७	१९/१७	गौतमनगरको मूल बाटो दीर्घ भण्डारीको घरदेखि चमेलीको घरसम्म कालोपत्रे	२० लाख	केशव प्रसाद सापकोटाको घर हुँदै जनहित चोकसम्म	२० लाख
२८	४३/२२	पर्यटकीय स्थल गोलाघाटमा नारायणको मन्दिर निर्माण	१५ लाख	पर्यटकीय स्थल गोलाघाटमा नारायणको मन्दिर र शौचालय निर्माण	१५ लाख
१९	२१/५३	रमाकान्त सुवेदीको घरदेखि हिरा गुरुङको घर हुँदै मान बहादुर गुरुङको घरसम्मको बाटो कालोपत्रे	२० लाख	पुगीराज तमाङको घरदेखि उत्तर मधु मगरको घरसम्म पिच बाटो	२० लाख
१९	१२२/१५	महिला कार्यक्रम	१ लाख ५० हजार	प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा सहयोग	१ लाख ५० हजार
१९	१२१/०८	अन्य कार्यालय सञ्चालन खर्च	९ लाख मध्ये		५० हजार
१२	९८/१००	हिसे छोलिङ गुम्बा भौतिक पूर्वाधार	२ लाख ५० हजार	विश्व शान्ति बौद्ध गुम्बामा भौतिक पूर्वाधार	२ लाख ५० हजार
१२	९६/५०	मोहन मा.वि. व्यवहारिक शुक्रबार कार्यक्रम	५० हजार	मोहन मा.वि. कक्षा ९ र १० को अर्थशास्त्र शिक्षक	१ लाख ५० हजार
१२	९४/४	मोहन मा.वि. कक्षा ९ र १० को अर्थशास्त्र शिक्षक	१ लाख		

वडा	योजनाको नाम	रकम	संशोधित योजना	रकम
१	लाखे नाच राष्ट्रिय प्रतियोगिता तथा मौलिक नृत्य प्रशिक्षण, बाँसुरी प्रशिक्षण	४०००००		२०००००
२	आवश्यकताको आधारमा भौतिक पूर्वाधार निर्माण	२०००००		२०००००
३	तीज वशेष संस्कृतिक प्रवर्द्धन कार्यक्रम	४०००००		२०००००
४	नागरिक सहायता कक्ष संचालन तथा व्यवस्थापन अल्प डेस्क	२०००००		२०००००
५	तिज विशेष कार्यक्रम	२०००००		२०००००
६	टोलस्तरीय लोक संस्कृति संरक्षण तथा प्रस्तुति कार्यक्रम	४०००००		२०००००
७	तिज विशेष कार्यक्रम	३०००००		२०००००
८	स्वास्थ्य सचेतना अभिमुखिकरण	२०००००		२०००००
९	आमा समुह र बालक्लबहरु बीच विभिन्न प्रतियोगिता	२०००००	प्रधानमन्त्री राहत कोष	२०००००
१०	सिप विकास जनचेतना सम्बन्धी तालिम तथा गोष्ठी संचालन	२०००००		२०००००

भरतपुर महानगरपालिका
नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु
(बैठक सङ्ख्याः १२४, बैठक मितिः २०८३।०५।१२ गते शुक्रबार, दिनको १:०० बजे)

		११	सरसफाई तर्फ सामाग्री वितरण तथा कार्यक्रम खर्च	४०००००		२०००००	
		१२	महिला तर्फको कार्यक्रम	५०००००		२०००००	
		१३	वातावरण सरसफाई सचेतना कार्यक्रम	६०००००		२०००००	
		१४	युवा मन्च सामाजिक संस्था भरतपुर १४, संस्कृति जगेर्ना हरितालिका तीज	२०००००		२०००००	
		१५	विपद व्यवस्थापन	२०००००		२०००००	
		१६	कृषि तथा पशु विकास कार्यक्रम तथा उत्कृष्ट कृषक सम्मान कार्यक्रम	१००००००		२०००००	
		१७	हरितालिका तिज कार्यक्रम	३०००००		२०००००	
		१८	वडा कार्यालय मर्मत संभार	२०००००		२०००००	
		२०	आधारभुत स्वास्थ्य केन्द्र भिमनगरमा पुर्ने काम	२०००००		२०००००	
		२१	विपद् जोखिम न्यूनिकरण तथा व्यवपस्थापन	४०००००		२०००००	
		२२	भेषभुषा बाद्यबादन तथा चाडपर्व कार्यक्रम	२०००००		२०००००	

भरतपुर महानगरपालिका

नगर कार्यपालिका बैठकका प्रस्ताव एवं निर्णयहरु

(बैठक सङ्ख्याः १२४, बैठक मितिः २०८३।०५।१२ गते शुक्रबार, दिनको १:०० बजे)

		२३	बालबालिका महिला दलित जनजाति आदिवासी अपाङ्ग जेठ नागरिकहरुको सीप तथा क्षमता विकास कार्यक्रम	४०००००		२०००००	
		२४	पशु स्वास्थ्य केन्द्रमा पशु प्राविधिक जनशक्ति व्यवस्थापन तथा सरसफाई	७०००००		१०००००	
			विभिन्न चाडपर्व संस्कार संस्कृति संरक्षण कार्यक्रम	३०००००		१०००००	
		२६	आदिवासी जितिया कार्यक्रम	१०००००		१०००००	
			महिला तिज तथा नारी दिवस कार्यक्रम	१०००००		१०००००	
		२७	विभिन्न जातजातिलाई चाडपर्व खर्च	४०००००		२०००००	
		२८	तिज गित कार्यक्रम	१०००००		१०००००	
			अन्य कार्यालय संचालन खर्च	९२९०००		१०००००	
		२९	राष्ट्रिय लोक दोहोरी गीत प्रतिष्ठान	२०००००		२०००००	